INNOVATIVE RESEARCH JOURNAL Vol.:1, Issue: 1, 2022

# रससामग्रीका सन्दर्भमा अनुभावको सैद्धान्तिक सन्दर्भ

**टंक प्रसाद निरौला**
*bharadwajb618@gmail.com*
*सानोठिमी क्याम्पस, सानोठिमी भक्तपुर*

**लेखसार :** *प्रस्तुत लेख रस सामग्री अन्तर्गत अनुभावको परिचय, प्रकार र स्थायीअनुसार अनुभावका प्रकारको विभाजनमा केन्द्रित छ । यस लेखलाई विषय परिचय, लेखसार, उद्देश्य, पारिभाषिक शब्दावली, अनुभाव परिचय, प्रकार र एवम् स्थायीअनुसार अनुभावका प्रकार ,निष्कर्ष र सन्दर्भग्रन्थसूचीजस्ता शीर्षक उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ । यो लेख व्याख्या विश्लेषणत्मक विधि अपनाएर लेखिएको छ । यसका साथै यस लेखका लागि आचार्य भरतको कृति नाट्यशस्त्र अनि विश्वनाथप्रणीत कृति साहित्य दर्पणलाई प्रथमिक स्रोत र अन्य ग्रन्थलाई द्वितीय स्रोतका रुपमा ग्रहण गरिएको छ*

**पारिभाषिक पदावली :** *रस, अनुभाव, रसपरिपाक, कायिक अनुभाव, वाचिक अनुभाव*

प्राप्त मिति : ६, अक्टोबर, २०२२, स्वीकृत मिति : १४, नभेम्बर, २०२२, प्रकाशित मिति : १२, डिसेम्बर, २०२२

## विषय परिचय

कलासाहित्यबाट प्राप्त हुने मानसिक आनन्दलाई रस भनिन्छ । विभाव,अनुभाव र व्यभिचारी भावको संयोगबाट रसनिष्पन्न हुन्छ (भरतः २०६२ ) । रसपरिपाक र रसाभिव्यक्तिका लागि पौरस्त्य साहित्यशारुत्रीले चार किसिमका भावको कल्पना गरेका छन् , ती स्थायीभाव,विभाव,अनुभाव र सञ्चारी भाव हुन् ।स्थायीभाव दर्शक श्रोता पाठकमा अवस्थित हुन्छ । कृतिका पात्र र कृतिको परिवेश विभाव हो आलम्बन विभाव अनुभाव हुन् र आलम्बनका शीघ्रपरिवर्तनशील भावहरु सञ्चारीभाव हुन् । अन्य तीनभावले स्थायीभावलाई रसरुपमा परिणत गराउँछन् ( निरौला २०७० ) । अनुभाव रसगमक हुन्छ भने रस गम्य हुन्छ ( शर्मा र लुइँटेल :२०६३) । यिनै विभावादिबाट भावकले काव्यादिबाट रसास्वादन गर्छ । रसनिष्पत्ति, रसपरिपाक र रसाभिव्यक्तिमा अनुभावको उल्लेख्य भूमिका हुन्छ । कलासाहित्यका पात्रले गर्ने अभिनयलाई पौरस्त्य साहित्यशास्त्रीले अनुभाव भनेका छन् ।

## उद्देश्य

प्रस्तुत लेख रस सामग्री अनुभावको अध्ययन, प्रकाशन र अध्यापनका लागि तयार पारिएको हो । यसका साथै रस सामग्री अनुभावको अध्ययन गर्न चाहने अध्ययनेच्छुकलाई समेत प्रस्तुत लेखले निकै सहयोग पुग्नेछ । त्यसै गरी रसका अनुसन्धाताहरुलाई पनि यस लेखबाट आवश्यक सहयोग पुग्ने ठानिन्छ ।

## अनुभाव : परिचय र प्रकार

भाव आधारपदमा अनु उपसर्ग लागेपछि अनुभाव शब्द बन्छ । अनुको अर्थ पछि हो । विभावात् अनु इति अनुभावः , यसरी विग्रह गरेपछि विभावपछि पैदा हुने भाव नै अनुभाव हो भन्ने अर्थ लाग्छ । विभावको उदयपछि त्यसको प्रभाववश र प्रतिकियास्वरुप आश्रयआलम्बनले प्रकट गर्ने कियाप्रतिकिया अनुभाव हुन् । त्यसैले आश्रयका

क्रियाप्रतिक्रिया अनुभाव हुन् ।भट्टलोल्लका अनुसार अनुभाव र रसबिच गम्यगमक सम्बन्ध रहन्छ,रसाभिव्यक्तिमा अनुभाव गमक र रस गम्य हुन्छ ( निरौला २०७०) । विषयालम्बन बनेका व्यक्ति, वस्तु, पदार्थ अवस्था आदिलाई देखेर आश्रय आलम्बनले अभिनयात्मक रुपमा गर्ने क्रियाप्रतिक्रियालाई अनुभाव भनिन्छ । अतः अनुभाव अभिनेयात्मक प्रकृतिका हन्छन् । यसै सन्दर्भमा केलाई अनुभाव भनिन्छ भन्ने प्रश्नका उत्तरमा भरतले जसबाट विषय अनुभावित हन्छ ,सो अभिनयात्मक स्वरुपलाई अनुभाव भनिन्छ ,वाणी,अंग र सत्व यी तीन तत्वका माध्यमबाट गरिने अभिनय अनुभावित गराउने वा अनुभूतिका लागि योग्य बनाउने सामग्रीलाई नै अनुभाव भनिन्छ अर्थात् "उच्यते अनुभाव्यते अनेन इति वागाङ्गाहार्या सत्वकृतोभिनय इति" ( भरतः २०६२,) । यसरी भरतले वाचिक आंगिक ,आहार्य र सात्विक /मानसिक गरी अनुभावका ४ प्रकार उल्लेख गरेको पाइन्छ ।

कुनै विषयालम्बनबाट उद्‌बुद्ध र उद्‌दीप्त रत्यादि स्थायी भावलाई आश्रयालम्बनले देखेर ,सुनेर, भोगेर केकसरी प्रतिक्रिया व्यक्त गर्छ अनुभावमा यो उल्लेख्य रहन्छ । जस्तै : आफन्तको मृत्यु वर्णनमा अर्को आफन्त पात्र रुन्छ, कराउँछ ,आँसु झार्छ । त्यसै गरी अचम्मको व्यक्ति ,वस्तु, अवस्था व्यक्तित्व देखेर आश्रयपात्र जिब्रो टोक्छ,निस्तब्ध हुन्छ, आदि । अतः अनुभावले रस अनुभवगम्य बनाउँछ ।त्यसैले पनि भट्टलोल्लटले रस र अनुभावमा गम्यगमक वा अनुभाव्यअनुभावक सम्बन्ध रहन्छ भनेको पाइन्छ ( निरौला:२०७० ) ।

अनुभावहरु आश्रयले प्रयत्नपूर्वक पनि प्रकट गर्छन् अनि आश्रयका प्रयत्नबिनै स्वतस्फूर्तरुपमा पनि प्रकट हुन्छन् । प्रयासपूर्वक प्रकट हुँदा यिनलाई यत्नज र स्वतस्फूर्तरुपमा प्रकट हुँदा यसलाई अयत्नजअनुभाव भनिन्छ ।शरीरद्वारा वाणी /वचनद्वारा र भेषभूषदिबाट स्थायीभाव अनुभावित हुँदा सो यत्नज हुन्छ र स्वतस्फूर्त अनुभावित हुँदा सो अयत्नज हुन्छ । अयत्नज अनुभावलाई मानसिक /सात्विक अनुभाव भनिन्छ । त्यसैले पौरस्त्य शास्त्रीय चिन्तनमा अनुभावलाई मूलतः २ प्रकारमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ (निरौला:२०७०) । यसरी हेर्दा कायिक,वाचिक र आहार्य यत्नज र सात्विक अयत्नज गरी अनुभावलाई निम्नानुसार ४ प्रकारमा विभाजन गरी अध्ययन गरिन्छ :

(क) कायिक (ख)वाचिक (ग)आहार्य (घ) सात्विक/ मानसिक

**(क) कायिक अनुभाव** : काया भनेको शरीर हो । काया शब्दमा इक प्रत्यय लाग्दा कायिक शब्द बन्छ । काया वा शरीरका माध्यमले प्रकट हुने कायिक अनुभाव हुन् । विषयालम्बनबाट उद्‌बुद्ध विभावलाई देखेर आश्रयालम्बनले आफ्ना शरीरका माध्यमले प्रकट गर्ने क्रियाकलापलाई कायिक अनुभाव भनिन्छ । स्थायी भाव अनुसार कायिक अनुभाव अनेक हुन्छन् । यसलाई तलको तालिकाले अझ स्पष्ट पार्छ ।

**(ख) वाचिक अनुभाव** : वचन वा बोली अर्थको वच् धातुमा इक प्रत्यय लाग्दा वाचिक शब्द बन्छ । वचन वा बोलीबाट प्रकट हुने अनुभाव भन्ने यसको अर्थ हुन्छ । स्थायीभावको उद्‌बुद्धता र उद्‌दीप्ततापछि विषयालम्बनको अवस्था देखेर, बुझेर, सुनेर अनि अनुभव गरेर आश्रयालम्बनले वचनका माध्यमबाट क्रियाप्रतिक्रिया व्यक्त गर्नुलाई वाचिक अनुभाव भनिन्छ ।आङ्गिकले जस्तै वाचिक अनुभावले पनि रसास्वादनमा उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ । वचिक अनुभाव पनि स्थायीअनुसार अनेक हुन्छन् । यसलाई तलको अझ स्पष्ट पार्छ ।

**(ग) आहार्य अनुभाव** : अवस्थानुसार लगाउन र प्रसाधन गर्न योग्य भेषभूषा र अलंकार्य सामग्रीलाई आहार्य अनुभाव भनिन्छ । त्यसैले यो अनुभाव लुगाकपडा र अलंकारादिबाट प्रकट हुन्छ । विभावको उद्‌बोधनपछि विषयालम्बन अनुकुल आश्रयालम्बनले भेषभूषा सिंगारपेटार एवम् अलंकारादिबाट प्रकट हुने भावलाई आहार्य अनुभाव भनिन्छ । यसको

प्रत्यक्षले सिधै आँखामा असर गर्छ र यसले रसोद्बोधनमा प्रभावकारी भूमिका खेल्छ । यो पनि स्थायीका भेदले नानाविध हुन्छ जसलाई तलको तालिकाले अझ स्पष्ट पार्छ ।

**घ)मानसिक /सात्विक अनुभाव** : यसलाई भरतले सात्विक अनुभाव भनेका छन् । उनका अनुसार सत्व भनेको मनबाट उत्पन्न भाव हो । "सत्व मनः प्रभवम् "(भरत : २०६२ ) । मनप्रभव हुनाले नै यसलाई मानसिक भनिएको हो । भावनाबाट समरस मन नै सत्व हो ( जैन, इ.सं.१९७७ ) । वास्तवमा भाव भन्नु न मानसिक आवेग हुन् । सात्विक भावको अभिव्यक्ति सहज रुपमा हुन्छ । यिनमा शब्दानुकरण हुँदैन, त्यसैले यी वाचिक भित्र पर्दैनन् । अंगउपांगबाट साध्यस्पष्ट र चेष्टारुप नहुनाले यी आंगिक पनि हुँदैनन् । त्यसै गरी भेषभूषादि र अलंकारादिबाट योजनाबद्ध रुपमा पनि  प्रकट नहुनाले यिनीहरु आहार्यभित्र पनि पर्दैनन् ।  विभावको उद्बोधनपछि बिनाप्रयत्न स्वतस्फूर्तरुपमा आश्रयालम्बनबाट हुने क्रियाप्रतिक्रिया नै मानसिक अनुभाव हुन् । त्यसैले यिनलाई मानसिक अयत्नज भनिएको हो । यस भावलाई साहित्यदर्पण कृतिमा स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभंग ,वेपथु, वैवर्ण्य, अश्रु,प्रलय गरेर आठ उपप्रकारमा बाँडी अध्ययन गरिएको छ :

**स्तम्भस्वेदोथ रोमाञ्च स्वरभंगोथ वेपथु**

**वैवर्ण्यमश्रुप्रलय इत्यष्टौ सात्विकास्मृताः** ( विश्वनाथ ,इ.सं.१९७७) ।

आचार्य भरतले यी आठ अनुभावहरु केकस्ता र कुनकुन भावबाट अनुभावित हुन्छन् भन्ने प्रसंगलाई निम्नानुसार उल्लेख गरका छन् :

हर्ष, भय ,रोग, विष्मय विषाद भावबाट स्तम्भ ,निष्चेष्टता अनुभाव व्यक्त हुन्छ भने क्रोध,भय, हर्ष, लज्जा,दुख,श्रम,रोग, तप, घात, व्यायाम,क्लम,घर्म भावबाट स्वेद वा पसिना आउने अनुभाव प्रकट हुन्छ । यसै गरी स्पर्श, भय, शीत, हर्ष ,क्रोध,रोग भावबाट रोमाञ्च सात्विक अनुभाव प्रकट हुन्छ अनि भय, हर्ष, क्रोध,ज्वर, रोग ,मद भावबाट स्वरभंग वा स्वर बिग्रने अनुभाव प्रकट हुन्छ । यसका साथै शीत, भय, हर्ष, रोष, जरा भावबाट वेपथु वा कम्प वा शरीर काम्ने अनुभाव सम्भव हुन्छ भने शीत, क्रोध, भय,श्रम,रोग, ताप भावबाट वैवर्ण्य वा अनुहार फुङ्ग उड्ने अनुभाव प्रकट हुन्छ । त्यसै गरी शोक, शीत, रोग भावबाट अश्रु अनुभावको जन्म हुन्छ र श्रम, मूर्च्छा,मोह, निद्रा,मद, अभिघात भावबाट प्रलय निष्चेष्टताको क्रिया प्रतिक्रिया प्रकट हुन्छ ( भरतः २०६२) । यी मानसिक अनुभाव पनि स्थायी भाव अनुसार फरकफरक हुन्छन् जसलाई निम्न तालिकाले अझ प्रष्ट पार्छ :

| स्थायीभावहरु | अनुभावहरु |
|---|---|
| **रति** | **कायिक अनुभाव** :  हेराहेर गर्नु,अँगालो हाल्नु,मुसार्नु, आँखा झिम्क्याउनु, रति क्रीडा गर्नु, एक्लै बस्नु, फोटो हेर्नु |

INNOVATIVE RESEARCH JOURNAL Vol.:1, Issue: 1, 2022

| | |
|---|---|
| | **वाचिक अनुभाव** :मिलन विछोडका कुरा गर्नु,एकापसको प्रंशंसा र गुणगान गर्नु, खुसी हाँसोका कुरा गर्नु,मिलन र चिन्ताका शब्द बोल्नु<br><br>**आहार्य अनुभाव** :सिंगारपेटार गर्नु र नगर्नु, आकर्षक भेषभूषा पहिरन तथा परित्याग<br><br>**मानसिक अनुभाव** :अनुहार हँसिलो हुनु या फुस्रो हुनु, हर्ष रोदनका आँसु आउनु, मुखबाट कुरा स्वतः खुस्कनु |
| **हाँसो** | **कायिक अनुभाव** : पेट मिच्नै,खित्का छोड्दै,लडीबुडी गर्दै हाँस्नु<br><br>**वाचिक अनुभाव** : घोचपेच,व्यङ्ग्य अनि चरित्रको अनुकरण गर्दै बोल्नु<br><br>**आहार्य अनुभाव** : हास्यात्मक अनि व्यङ्ग्यात्मक भाव झल्कने पहिरन एवम् सिंगारपटार<br><br>**सात्विक वा मानसिक अनुभाव** : आँसु पसिना आउनु, उफ् आउनु , मुस्कुराउनु |
| **शोक** | **कायिक अनुभाव** : बेहोस भई ढल्नु,छाती पिट्नु,चेहराको आकृति बदल्नु,भ्रुकुटी खुम्च्याउनु, रुनु<br><br>**वाचिक अनुभाव** :आलम्बनको गुणगान गाउनु,आफ्नो दुख भन्नु<br><br>**आहार्य अनुभाव** :सिंगारपेटार नगर्नु,सरसफाइमा ध्यान नदिनु<br><br>**सात्विक वा मानसिक अनुभाव** :सुस्केरा ,आँसु,पसिना ,उदासीनता |
| **क्रोध** | **कायिक अनुभाव** :दारा किट्नु,खुट्टा बजार्नु,मुड्की उजाउनु,अनुहार रातो पिरो बनाउनु, थुक्नु<br><br>**वाचिक अनुभाव** :लडाउने,लड्ने,जित्ने, हान्ने,काट्ने,मार्ने कुरा गर्नु<br><br>आहार्य अनुभाव :डरलाग्ने कपडादि लगाउनु,हातहतियारले सुसज्जित हुनु,त्यसै अनुसार सिंगारपटार गर्न<br><br>**सात्विक वा मानसिक अनुभाव** :जंगिनु,सुर्रिनु, पसिना आउनु |
| **उत्साह** | **कायिक अनुभाव** :अनुहार तेजिलो बनाउनु, मुठ्ठी कस्नु, पाखुरा सुर्कनु<br><br>**वाचिक अनुभाव** :धैर्य,पराक्रम, सौर्य,सफलता र विजयको कुरा गर्नु,गर्वयुक्त र आक्षेपकारी वाणी<br><br>**आहार्य अनुभाव** :नयाँ, आकर्षक र विशेष कपडा लगाउनु, आकर्षक देखिने गरी सिंगारपटार गर्नु<br><br>**सात्विक वा मानसिक अनुभाव** : मुस्कुराहट,अनुहारमा देदीप्यता |

| | |
|---|---|
| **भय** | **कायिक अनुभाव** :जिउ थरथरी काम्नु,डरले लुक्नु, आँखा छोप्नु, जिउ सिरिङ्ङ पार्नु,भाग्नु, नमस्कार गर्नु<br><br>**वाचिक अनुभाव** :स्वरभंग हुनु,भाग,लुक,बचाओ, आयोआयो भन्नु<br><br>**आहार्य अनुभाव** :कपडा,भेषभूषादि फुकाल्नु,फ्याँक्नु, हतियार आदि फ्याँक्नु र भुइँमा राख्नु<br><br>**सात्विक वा मानसिक अनुभाव** :ओठतालु सुक्नु, कालोनीलो हुनु,पसिना आउनु |
| जुगुप्सा | **कायिक अनुभाव** :नाकमुख थुन्नु,उफ्रेर हिंड्नु, थुक्नु,हात हल्लाउनु जिउ जिरिङ्ङ पार्नु, धुनु, नुहाउनु<br><br>**वाचिक अनुभाव** :छि,हि भन्नु,उफ् आदि भन्नु<br><br>**आहार्य अनुभाव** :कपडादि टकटक्याउनु,फुकालेर फ्याँक्नु<br><br>**सात्विक वा मानसिक अनुभाव** :वान्ता गर्नु,उफ् आउनु |
| **विष्मय** | **कायिक अनुभाव** :जिब्रो औंला टोक्नु, आँखा छोप्नु ,पर हट्नु रोमाञ्चित हुनु<br><br>**वाचिक अनुभाव** :वाह, आहा, क्यावात्, स्याबास्,oh my god भन्नु<br><br>**आहार्य अनुभाव** :कपडा, टोपी आदि फुकाल्नु<br><br>**सात्विक वा मानसिक अनुभाव** : निर्निमेष प्रक्षेपण,वाह,आहा,स्सावास् आदि भन्नु |
| **निर्वेद** | **कायिक अनुभाव** :आनन्दाश्रु,रोमाञ्च गृहत्याग,आँखा चिम्लनु र खुम्च्याउनु<br><br>**वाचिक अनुभाव** :गदगद,शमभाव र वैराग्य वचन<br><br>**आहार्य अनुभाव** :पीत गेरु वस्त्रादि धारण,नग्नता,विभूति खरानी चन्दनादि लेपन<br><br>**सात्विक वा मानसिक अनुभाव**:<br><br>मौनधारण,वैराग्यभाव,विषयवासनाप्रति घृणाभाव |

**निष्कर्ष** :

विभावपछि उदय हुने भावलाई अनुभाव भनिन्छ। आश्रयालम्बनका कायिक,वाचिक,आहार्य र मानसिक क्रियाप्रतिक्रिया अनुभाव हुन्। कायिक वाचिक र आहार्य अनुभाव योजनाबद्ध रुपमा प्रस्तुत गर्नुपर्छ भने सात्विक अनुभाव पात्रको अध्ययन ,अभ्यास र अनुभवमा आधारित हुन्छ साथै यसमा पात्रको प्रतिभाले उल्लेख्य भुमिका खेलेको हुन्छ।कायिक वाचिक र आहार्य अनुभाव यत्नज हुनाले कृतिकारले यी अनुभावको संयोजनमा आफ्नो प्रौढक्षमता प्रस्तुत गर्नुपर्छ।

त्यसै गरी सात्विक अनुभाव मनप्रभव हुनाले यसको समुद्घाटनमा कृतिकारको मनोविश्लेषणत्मक क्षमता प्रकट हुनुपर्छ । कलासाहित्यमा अभिनय गर्ने पात्रको अभिनय अनुभाव हो । रसास्वादमा अनुभावको भूमिका निकै उल्लेख्य हुन्छ ।

## सन्दर्भसामग्री सूची


उपाध्याय, केशवप्रसाद,२०४८, *पूर्वीय साहित्यसिद्धान्त* (ते.सं.), काठमाडौं : साझाप्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृतकाव्यशास्त्र,* काठमाडौंः भुँडीपुराण प्रकाशन ।

भरत, नाट्यशास्त्रम् (२०६२) (सम्पा .बटुकनाथ शर्मा तथा बलदेव उपाध्याय ,तेस्रो सं.), वाराणसी, चौखम्बा प्रकाशन ।

निरौला, टंक (२०७०), *पूर्वीय र पश्चिमी समालोचना पद्धति,* काठमाडौं : शिक्षा परीक्षा सामग्री केन्द्र ।

विश्वनाथ, इ. सं. १९७७, *साहित्यदर्पण,*( नवौं सं.), वाराणसी, मोतीलाल बनारसीदास ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुँइटेल (२०६३) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।